## अनुसूचि-१

## नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको सञ्चालक समितिमा कर्मचारी प्रतिनिधि छनौट सम्बन्धी कार्यविधि २०७४, मा संशोधन

कम्पनीको सञ्चालक समितिमा कर्मचारीहरुको प्रतिनिधित्व गराउन कम्पनीको सातौं वार्षिक साधारण सभाले सञ्चालक समितिले कार्यविधि स्वीकृत गर्न दिएको अधिकार प्रयोग गरी कम्पनीको सञ्चालक समितिबाट नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको नियमावलीको नियम १२ को खण्ड (छ) को समुह "ख" (कर्मचारी समूह) को निर्वाचन प्रयोजनको लागि यो कार्यविधि बनाई लागू गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यो कार्यविधिको नाम "नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको सञ्चालक समितिमा कर्मचारी प्रतिनिधि छनौट सम्बन्धी कार्यविधि (पहिलो संशोधन), २०७४" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको सञ्चालक समितिमा कर्मचारी प्रतिनिधि छनौट सम्बन्धी कार्यविधि, २०७४ को दफा २ मा संशोधन :

दफा (२) को उपदफा (घ) को सट्टा देहायको उपदफा (घ) राखिएको छः.

"(घ) "कर्मचारी विनियमावली" भन्नाले नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको कर्मचारी विनियमावली, २०७८ सम्झनु पर्दछ ।"

३. कार्यविधिको दफा ९ मा संशोधनः

दफा ९ को सट्टा देहायको दफा ९ राखिएको छः.

"९ .उम्मेदवारको योग्यताः
कम्तीमा स्नातक तह उतिर्ण गरेको र नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको न्यूनतम १०० कित्ता शेयर लिई मतदाता नामावलीमा नाम समावेश भएका कर्मचारीहरु मात्र कर्मचारीको तर्फबाट सञ्चालक पदको उम्मेदवार हुन पाउनेछन् । सञ्चालक पदमा उम्मेदवार बन्ने कर्मचारी उम्मेदवारी दिने अन्तिम मितिमा कम्पनीको सेवामा बहाल रही सञ्चालक पदको लागि तोकिएको पदावधि सम्म कम्पनीको सेवामा बहाल रहने हुनु पर्नेछ ।"

४. कार्यविधिको दफा १५ मा संशोधनः

(१) उपदफा (घ) को सट्टा देहायको उपदफा (घ) राखिएको छः.

"(घ) कर्मचारी विनियमावली, २०७८ को विनियम १२९ बमोजिम निलम्बनमा परेको कर्मचारी भएमा."

(२) उपदफा (ङ) को सट्टा देहायको उपदफा (ङ) राखिएको छः.

"(ङ) कम्पनीको कर्मचारी विनियमावली बमोजिम विभागीय कारबाही चलिरहेको कर्मचारी भएमा ।

५. कार्यविधिको दफा ४९ मा संशोधनः

दफा ४९ को सट्टा देहायको दफा ४९ राखिएको छः.

"४९. विभागीय कारबाही हुनेः
निर्वाचनको क्रममा कुनै पनि कर्मचारीले हुलहुज्जत गर्ने, मतपत्र च्याल्ने, मतदान बिथोल्ने जस्ता कार्य गरेमा निजलाई कर्मचारी विनियमावली बमोजिम विभागीय कारबाही हुनेछ ।"

# नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको सञ्चालक समितिमा कर्मचारी प्रतिनिधि छनौट सम्बन्धी कार्यविधि, २०७४

कम्पनीको सञ्चालक समितिमा कर्मचारीहरुको प्रतिनिधित्व गराउन कम्पनीको सातौ वार्षिक साधारण सभाले सञ्चालक समितिले कार्यविधि स्वीकृत गर्न दिएको अधिकार प्रयोग गरी कम्पनीको सञ्चालक समितिबाट नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको नियमावलीको नियम १२ को खण्ड (छ) को समुह "ख" (कर्मचारी समूह) को निर्वाचन प्रयोजनको लागि यो कार्यविधि बनाएको छ ।

## परिच्छेद १
## संक्षिप्त नाम र परिभाषा

१. संक्षिप्त नाम र प्रारम्भ :

(१) यो कार्यविधिको नाम "नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको कर्मचारी प्रतिनिधि सञ्चालक छनौट सम्बन्धी कार्यविधि, २०७४" रहेको छ ।

(२) यो कार्यविधि सञ्चालक समितिबाट स्वीकृत भएको मिति देखि लागू हुनेछ ।

२. परिभाषा: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

(क) "कम्पनी" भन्नाले नेपाल दूरसञ्चार कम्पनी लिमिटेड सम्भनु पर्दछ ।

(ख) "प्रबन्धपत्र" भन्नाले नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको प्रबन्ध पत्र सम्भनु पर्दछ ।

(ग) "नियमावली" भन्नाले नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको नियमावली सम्भनु पर्दछ ।

(घ) "विनियमावली" भन्नाले कम्पनीको कर्मचारी विनियमावली, २०६१ सम्भनु पर्दछ ।

(ङ) "समिति" भन्नाले कम्पनीको सञ्चालक समिति सम्भनु पर्दछ ।

(च) "अध्यक्ष" भन्नाले कम्पनीको सञ्चालक समितिको अध्यक्ष सम्भनु पर्दछ ।

(छ) "सञ्चालक" भन्नाले समितिको सदस्य सम्भनु पर्दछ र सो शब्दले कम्पनीका अध्यक्षलाई समेत जनाउंदछ ।

(ज) "छनौट" भन्नाले कम्पनीमा कार्यरत कर्मचारीहरु मध्येबाट कर्मचारी प्रतिनिधि सञ्चालक रोज्ने कार्यलाई सम्भनु पर्दछ र सो शब्दले कर्मचारीहरु मध्येबाट निर्वाचनका माध्यमबाट कम्पनीको सञ्चालक छनौट गर्ने कार्यलाई समेत सम्भनु पर्दछ ।

(झ) "निर्वाचन अधिकृत" भन्नाले समितिले निर्वाचनको लागि नियुक्त गरेको निर्वाचन अधिकृत सम्भनु पर्दछ ।

(ञ) "सहायक निर्वाचन अधिकृत/मतदान अधिकृत" भन्नाले निर्वाचनको लागि निर्वाचन अधिकृतद्वारा नियुक्त सहायक निर्वाचन अधिकृत वा मतदान अधिकृत सम्भनु पर्दछ ।

(ट) "कर्मचारी" भन्नाले कम्पनीको कर्मचारी विनियमावली बमोजिम नियुक्त भएको स्थायी कर्मचारी सम्झनु पर्दछ ।

(ठ) "मतदाता" भन्नाले निर्वाचनका बखत कम्पनीको सेवामा बहाल रही मताधिकार प्रयोग गर्ने स्थायी कर्मचारी सम्झनु पर्दछ ।

(ड) "मतपत्र" भन्नाले अनुसुचीमा तोकिए बमोजिमको निर्वाचन प्रयोजनको लागि प्रयोग हुने मतपत्र सम्झनु पर्दछ ।

(ढ) "सचिव" भन्नाले कम्पनीको सञ्चालक समितिको सचिव भै काम गर्ने व्यक्ति सम्झनु पर्दछ र सो शब्दले कम्पनी सचिव समेतलाई जनाउंदछ ।

(ण) "मतदान केन्द्र" भन्नाले कम्पनीको निर्वाचन अधिकृतले मतदान गर्नको लागि तोकेको ठाउं सम्झनु पर्दछ ।

(त) "साधारण सभा" भन्नाले कम्पनीको शेयरधनीहरुको वार्षिक साधारण सभा र विशेष साधारण सभा समेत सम्झनु पर्दछ ।

(थ) "निर्वाचन" भन्नाले यस कार्यविधि बमोजिम कर्मचारी प्रतिनिधि सञ्चालक छनौटको लागि गरिने निर्वाचन प्रकृया सम्झनु पर्दछ ।

(द) "उम्मेदवार" भन्नाले यस कार्यविधिको दफा ११ मा उल्लेख भए बमोजिमको उम्मेदवार सम्झनु पर्दछ ।

(ध) "मतदान" भन्नाले यस कार्यविधि बमोजिम सञ्चालक पदको लागि हुने निर्वाचनको मतदान सम्झनु पर्दछ ।

## परिच्छेद २
## निर्वाचन अधिकृत

### ३. निर्वाचन अधिकृतको नियुक्ति, काम, कर्तव्य र अधिकार

(१) निर्वाचन अधिकृतको नियुक्ति

(क) निर्वाचन प्रयोजनको लागि समितिले एक जना निर्वाचन अधिकृत नियुक्त गर्नेछ ।

(ख) निर्वाचन अधिकृतको पारिश्रमिक तथा सुविधा समितिले तोके बमोजिम हुनेछ ।

(ग) निर्वाचन अधिकृतले निर्वाचन सम्बन्धी कार्यमा सहयोग पु-याउन आवश्यकता अनुसार सहायक निर्वाचन अधिकृत, मतदान अधिकृत तथा अन्य कर्मचारीहरु समेत नियुक्त गर्न सक्नेछ । यसरी निर्वाचन अधिकृतले निर्वाचन प्रकृयाको लागि लागू गरेको कार्यविधि तथा आवश्यकता अनुसार खटाएका कर्मचारीले गरेको कार्य यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

(घ) निर्वाचन अधिकृतले यस कार्यविधिमा उल्लेख भए बमोजिम निर्वाचन सम्बन्धी कार्य गर्नु पर्नेछ । यस कार्यविधिमा उल्लेख नभएका निर्वाचन सम्बन्धी अन्य कुराहरुको हकमा आवश्यक कार्यविधि आफै बनाई लागू गर्न सक्नेछ ।

(ङ) निर्वाचन अधिकृतले सहायक निर्वाचन अधिकृत, मतदान अधिकृत तथा अन्य कर्मचारीहरुलाई आवश्यकता अनुसार अधिकार प्रत्यायोजन गर्न सक्नेछ । तर मनोनयनपत्र जाँच्ने, सदर वदर गर्ने, खारेज गर्ने र अन्तिम मतपरिणाम घोषणा गर्ने काम प्रत्यायोजन गर्न सक्नेछैन ।

(च) कम्पनीले निर्वाचनको लागि आवश्यक पर्ने प्रशासनिक, आर्थिक लगायत भौतिक सहयोग तथा सुरक्षा व्यवस्थाको प्रबन्ध गर्नेछ ।

(२) <u>निर्वाचन अधिकृतको काम, कर्तव्य र अधिकार</u>

निर्वाचन अधिकृतको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) निर्वाचन कार्यक्रम प्रकाशन गर्ने,
(ख) मतदाता नामावली प्रकाशन गर्ने,
(ग) मतदाता नामावली उपर परेको दावी विरोधको छानविन गरी निर्णय गर्ने,
(घ) मतदाताको अन्तिम नामावली प्रकाशन गर्ने,
(ङ) उम्मेदवारको मनोनयन जांच गरी दर्ता गर्ने,
(च) उम्मेदवारको नामावली प्रकाशित गर्ने,
(छ) उम्मेदवारको विरोधमा परेको उजूरी दर्ता गर्ने,
(ज) दावी विरोध उपर छानविन गरी निर्णय दिने,
(झ) उम्मेदवारको नाम फिर्ता सम्बन्धमा निर्णय गर्ने,
(ञ) उम्मेदवारको अन्तिम नामावली प्रकाशन गर्ने,
(ट) मतदान समय, स्थान तथा मतगणना केन्द्र तोक्ने,
(ठ) मतपत्रमा सही गर्ने,
(ड) मतपत्र रद्द गर्ने,
(ढ) मतगणना गर्ने, मतपत्र सदर, बदर गर्ने,
(ण) मतपरिणाम घोषणा गर्ने,
(त) विजयी उम्मेदवारलाई प्रमाणपत्र प्रदान गर्ने,
(थ) निर्वाचन अधिकृतले गर्ने भनी यस कार्यविधिमा उल्लिखित तथा निर्वाचन सम्बन्धमा अन्य आवश्यक कार्य गर्ने, गराउने,

## परिच्छेद ३

## निर्वाचन कार्यक्रमको सूचना

४. निर्वाचन कार्यक्रमको सूचना

(१) निर्वाचनको मिति समितिले तोके बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिम समितिले तोकेको मितिमा निर्वाचन हुने गरी निर्वाचन सम्बन्धी कार्यक्रम निर्वाचन अधिकृतले निर्धारण गर्नेछ ।

(३) निर्वाचन अधिकृतले निर्वाचन सम्बन्धी विस्तृत कार्यक्रम निर्धारण गरी निर्वाचन हुने दिन भन्दा कम्तीमा १५ दिन अगाडी अनुसूची -१ बमोजिमको ढाँचामा निर्वाचन कार्यक्रम प्रकाशन गर्नेछ ।

## परिच्छेद ४

## मतदाता

५ मतदाता

नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको कर्मचारी विनियमावली बमोजिम कम्पनीको सेवामा वहाल रहेका सबै स्थायी कर्मचारी मतदाता हुनेछन् ।

६. मतदाता नामावली प्रकाशन :

(क) निर्वाचन अधिकृतले निर्वाचन कार्यक्रम प्रकाशित गरेपछि कम्पनी सचिवले उपलब्ध गराएको कर्मचारीहरुको लगतको आधारमा सञ्चालकको निर्वाचनमा भाग लिन पाउने मतदाता कर्मचारीको मतदाता नामावली अनुसूची - २ बमोजिमको ढांचामा प्रकाशन गर्नु पर्नेछ ।

(ख) खण्ड (क) बमोजिम प्रकाशित मतदाता नामावलीमा कुनै मतदाता कर्मचारीको नाम छुट भएकोमा दावी गरी दर्ता गराउन वा दर्ता भएको कुनै मतदाताको नाम सच्याउन वा दर्ता हुन नपर्ने कुनै मतदाताको नाम हटाउन, दावी बिरोध गर्न निर्वाचन अधिकृतले तोके बमोजिमको म्याद दिईनेछ । त्यसरी म्याद सकिएपछि वा दावी उजूरी प्राप्त भएमा सो समेत छानवीन गरी खण्ड (ग) बमोजिम अन्तिम नामावली प्रकाशन गर्नु पर्नेछ ।

(ग) मतदाता नामावलीमा नाम छुट भएमा वा संशोधन गर्नु परेमा वा मतदाताको योग्यताको विषयमा बिरोध गरी उजूरी दिनको लागि दुई जना मतदाताको सिफारिस साथ दरखास्त दिनु पर्नेछ ।

यसरी दरखास्त पर्न आएमा निर्वाचन अधिकृतले जांचबुझ गरी मतदाता नामावलीमा नाम थपघट गर्नु पर्ने भएमा आवश्यक थपघट गरी मतदाता नामावली प्रकाशन गर्नेछ । यसरी उजूरी गर्दा एक हजार रुपैयां धरौटी राख्नु पर्नेछ र उजूरी गलत सावित भएमा धरौटी जफत हुनेछ । यसरी अन्तिम मतदाता नामावली प्रकाशन गर्दा कम्पनी सचिवबाट मतदाता नामावलीमा नाम छुट भएको व्यहोरा प्रमाणित गरी मतदाताको थप नामावली प्राप्त हुन आएमा सो समेत समावेश गर्नु पर्नेछ ।

७. मतदाता नामावली स्वीकार्य हुने

(क) यस कार्यविधिको दफा ६ को खण्ड (ग) बमोजिम अन्तिम मतदाता नामावली प्रकाशित भएपछि सो मतदाता नामावलीमा कुनै हेरफेर वा थपघट हुने छैन र निर्वाचन कार्यको लागि सोही नामावली स्वीकार्य हुनेछ ।

(ख) कुनै मतदाताको नाम, थर, ठेगाना वा अन्य विवरण प्रकाशित गर्दा सामान्य त्रुटी भएको कारणले मात्र कुनै मतदातालाई उम्मेदवार बन्ने वा मतदान गर्ने अधिकारबाट वञ्चित गरिने छैन् ।

८. मतदाता नामावली हेर्न र सार्न दिने

मतदाताले अनुसूची-२ बमोजिमको मतदाता नामावली हेर्न र सार्न चाहेमा च्यात्न, बिगार्न, केरमेट गर्न नपाउने गरी हेर्न वा सार्न दिनु पर्नेछ । छापिएको मतादाता नामावली लिने व्यक्तिलाई प्रति पेज रु. २।- (रु. दुई मात्र) का दरले दस्तुर लिई उपलब्ध गराउन सकिनेछ ।

## परिच्छेद ५

## उम्मेदवार तथा मनोनयन पत्र

९. उम्मेदवारको योग्यता

कम्पनीको न्यूनतम १०० कित्ता शेयर लिई मतदाता नामावलीमा नाम समावेश भएका कर्मचारीहरु मात्र कर्मचारीको तर्फबाट सञ्चालक पदको उम्मेदवार हुन पाउनेछन् । सञ्चालक पदमा उम्मेदवार बन्ने कर्मचारी उम्मेदवारी दिने अन्तिम मितिमा कम्पनीको सेवामा बहाल रही सञ्चालक पदको पदावधि सम्म कर्मचारी विनिमावलीको विनियम १०५ बमोजिम कम्पनीको सेवाबाट अवकाश नहुने हुनु पर्नेछ ।

## १०. उम्मेदवारको मनोनयन

सञ्चालक पदको लागि उम्मेदवार हुन इच्छुक योग्य कर्मचारीले निर्वाचन अधिकृतद्वारा प्रकाशित निर्वाचन कार्यक्रममा तोकिएको समय भित्र अनुसूची -३ को ढाँचामा मनोनयन पत्र भरी एक जना कर्मचारी प्रस्तावक र एक जना कर्मचारी समर्थकको दस्तखत गराई निर्वाचन अधिकृतको कार्यालयमा मनोनयनपत्र पेश गर्नु पर्नेछ । यसरी दरखास्त पेश गर्दा दरखास्तसाथ सञ्चालक पदको उम्मेदवारीको लागि दस्तुर वापत पांच हजार रुपैयां (फिर्ता नहुने गरी) अनिवार्य रुपमा बुझाउनु पर्दछ । मनोनयनपत्र फिर्ता लिन चाहेमा निर्वाचन अधिकृतद्वारा प्रकाशित निर्वाचनको सूचनामा उल्लेखित समय भित्र दरखास्त दिई फिर्ता लिनु पर्नेछ ।

## ११. मनोनयन पत्र सम्बन्धी अन्य व्यवस्था

(क) उम्मेदवारको मनोनयनपत्र उम्मेदवार वा निजको वारिसले निर्वाचन अधिकृत समक्ष दिनु पर्नेछ ।

(ख) निर्वाचन अधिकृतले मनोनयनपत्र रीत पुर्वक छ छैन हेरी रीत पूर्वकको भएमा दर्ता गरी त्यसको निस्सा उम्मेदवारलाई दिनु पर्नेछ ।

(ग) खण्ड (ख) बमोजिम दिनु पर्ने निस्साको ढांचा निर्वाचन अधिकृतले तोके बमोजिम हुनेछ ।

(घ) निर्वाचन अधिकृतले प्रस्तावक वा समर्थक नभएको वा प्रस्तावक वा समर्थक वा उम्मेदवार हुने व्यक्तिको सहीछाप नभएको वा अन्य रीत नपुगेको मनोनयन पत्र दर्ता गर्न ल्याएमा रीत नपुगेको जति सच्याउन लगाई मनोनयनपत्र दर्ता गर्नुपर्नेछ । सच्याउनु पर्ने व्यहोरा नसच्याई मनोनयनपत्र दर्ता गराउन चाहेमा सोही व्यहोरा मनोनयन पत्रमा जनाई त्यसको सूचना मनोनयनपत्र दर्ता गराउने व्यक्तिलाई दिनु पर्दछ र त्यस्तो मनोनयन पत्रले मान्यता पाउनेछैन । साथै निर्वाचन अधिकृतले मनोनयन पत्र सच्याउन पठाई मनोनयन पत्र दाखिला गर्ने समय भुक्तान भई सकेपछि मनोनयन पत्र दाखिला गर्न ल्याएमा उक्त मनोनयन पत्र दर्ता हुने छैन ।

(ङ) मनोनयनपत्र दर्ता गर्ने समय समाप्त भएपछि निर्वाचन अधिकृतले निर्वाचन कार्यक्रमको सूचना बमोजिमको मिति, समय र स्थानमा मनोनयन पत्र दर्ता भएको उम्मेदवारको नामावली प्रकाशन गर्नेछ ।

## १२. उम्मेदवारको नामावली प्रकाशन

निर्वाचन अधिकृतले तोकिएको समय भित्र दर्ता भएका मनोनयनपत्रहरुको जाँचबुझ गरी रीत पुगेका उम्मेदवारहरुको प्रथम नामावली अनुसूची -४ को ढाँचामा निर्वाचन अधिकृतको कार्यालयको सूचना पाटीमा टाँस गर्नुपर्नेछ ।

१३. उम्मेदवारले नाम फिर्ता लिने

(क) कुनै उम्मेदवारले आफ्नो नाम उम्मेदवारको सूचीबाट फिर्ता लिन चाहेमा तोकिएको समय भित्र निर्वाचन अधिकृत समक्ष अनुसूची - ५ को ढांचामा लिखित निबेदन दिई आफ्नो नाम फिर्ता लिन सक्नेछ ।

(ख) खण्ड (क) बमोजिम नाम फिर्ता लिएको लिखित निबेदन दाखिल गर्नु पर्नेछ र सो निबेदनमा आफ्नो परिचय पत्र सहित सनाखत समेत गर्नु पर्नेछ ।

(ग) नाम फिर्ता लिएको निबेदन निर्वाचन अधिकृत समक्ष दाखिल भई सनाखत भैसकेपछि सो सूचना बदर गर्न वा फिर्ता लिन पाउने छैन ।

१४. उम्मेदवारको दावी विरोध

(क) उम्मेदवारको नामावली प्रकाशित भएपछि सो नामावली सूचीमा समाबेश हुने उम्मेदवारको विरुद्धमा उजूरी दिन चाहने कुनै उम्मेदवारले निर्वाचन कार्यक्रमको सूचनामा तोकिएको मिति समय र स्थानमा कारण खोली निर्वाचन अधिकृत समक्ष अनसूची-६ को ढांचामा उजूरी दिन सक्नेछ । यसरी उजूरी गर्दा एक हजार रुपैयां (फिर्ता हुने गरी) धरौटी राख्नु पर्नेछ । तर उजूरी गलत साबित भएमा धरौटी जफत हुनेछ ।

(ख) दावी विरोध परेमा निर्वाचन अधिकृतले सम्बन्धित उम्मेदवारलाई उचित समय उल्लेख गरी सफाईको मौका दिई छानविन गरी निर्वाचन अधिकृतले निर्णय दिनु पर्नेछ । यस सम्बन्धमा निर्वाचन अधिकृतको निर्णय नै अन्तिम मानिने छ ।

१५ उम्मेदवारको दरखास्त रद्द हुने

(१) देहायको अवस्थामा उम्मेदवारको दरखास्त रद्ध हुनेछ ।

(क) उम्मेदवार दफा ९ बमोजिमको योग्यता पुरा नभएको भएमा,

(ख) प्रस्तावक र समर्थक दफा १० बमोजिमको योग्यता पुरा नभएको भएमा,

(ग) यस कार्यविधि बमोजिम सञ्चालक पदमा उम्मेदवार हुन नपाउने भनी गरिएको दावी विरोध प्रमाणित भएमा,

(घ) कर्मचारी विनियमावली, २०६१ को विनियम ९६ बमोजिम निलम्बनमा परेको कर्मचारी भएमा,

(ङ) कम्पनीको विनियमावली बमोजिम विभागीय कारबाही चलिरहेको कर्मचारी भएमा ।

(२) उपदफा (१) बमोजिमको आवस्यक विवरण निर्वाचन अधिकृतले कम्पनी सचिव मार्फत प्राप्त गर्नेछ ।

१६. उम्मेदवारको अन्तिम नामावली प्रकाशन

दावी विरोध माथि निर्णय भएपछि र नामावली फिर्ता लिने समय समाप्त भएपछि निर्वाचन कार्यक्रममा उल्लिखित म्यादमा उम्मेदवारको अन्तिम नामावली अनुसूची - ७ को ढाँचामा निर्वाचन अधिकृतको कार्यालयमा प्रकाशन गरिनेछ ।

१७. निर्विरोध घोषित गर्ने

दफा १६ बमोजिम अन्तिम नामावली प्रकाशन हुँदा उम्मेदवारको संख्या निर्वाचनको माध्यमबाट पूर्ति गर्नुपर्ने सञ्चालकको संख्या भन्दा बढी नभएमा निर्वाचन अधिकृतले अनसूची - ८ को ढांचामा उम्मेदवारी दर्ता गर्ने उम्मेदवार निर्विरोध निर्वाचित भएको परिणाम घोषणा गर्नेछ ।

१८. वारेस (प्रतिनिधि) राख्न पाउने

(क) उम्मेदवारले उम्मेदवारी दर्ता गर्न, फिर्ता लिन र मतदान केन्द्रमा आफै उपस्थित नहुने भएमा एक जना वारेस (प्रतिनिधि) राख्न अनुसूची-९ को ढाँचामा निर्वाचन अधिकृत समक्ष निवेदन दिनु पर्नेछ ।

(ख) यस कार्यविधि बमोजिम उम्मेदवारले गर्नु पर्ने सबै काम गर्नु वारेस (प्रतिनिधि) को कर्तव्य हुनेछ ।

(ग) यस कार्यविधि बमोजिम निर्वाचन प्रतिनिधि नियुक्त नभएमा वा उम्मेदवार वा निजको कुनै प्रतिनिधि उपस्थित नरहेमा वा निजहरु मध्ये कुनैले गर्नु पर्ने काम आफूले नगरेमा सोही कारणले मात्र मतदान, मतगणना वा निर्वाचन सम्बन्धी कुनै पनि काम रोकिने वा बदर हुने छैन ।

१९ उम्मेदवारको परिचयपत्र

उम्मेदवारको अन्तिम नामावलीमा नाम समावेश भएका उम्मेदवारहरुलाई निर्वाचन अधिकृतले परिचयपत्र दिनेछ ।

परिच्छेद ६

## मतदान केन्द्र, मतपत्र र मतपेटिका

२०. मतदान केन्द्र

मतदान गर्ने स्थान निर्वाचन अधिकृतद्धारा प्रकाशित सूचनामा तोके बमोजिम हुनेछ । यसरी मतदान केन्द्र तोक्दा सबै मतदाता कर्मचारीहरुले मतदानमा सहभागी हुने अवसरको अवस्था श्रृजना गरिनेछ ।

२१. मतपत्र

(१) अनुसूची -१० मा उल्लेखित ढाँचा बमोजिमको मतपत्र हुनेछ ।

(२) मतपत्रमा उम्मेदवारको नाम नेपाली वर्णानुक्रम अनुसार उल्लेख गरिनेछ ।

२२. मतपेटीका

(क) मतदानको लागि निर्वाचन अधिकृतले तोके वमोजिमको मतपेटिका राखिनेछ ।

(ख) मतदान शुरु हुनु अघि निर्वाचन अधिकृतले सबै उम्मेदवार वा निजको प्रतिनिधिलाई सबै खाली मत पेटिका देखाई अनुसूची -११ बमोजिमको मुचुल्कामा सही छाप समेत गराउनु पर्नेछ ।

ग) मतदान कार्य सकिनासाथ उम्मेदवार वा निजको प्रतिनिधिहरुको रोहबरमा सबै मत पेटिका शिलवन्दी तथा मुचुल्का गरी निर्वाचन अधिकृतले यथाशिघ्र मतपेटिका मतगणना गर्ने स्थानमा लग्नु पर्नेछ ।

(घ) मतपेटिकासाथ उम्मेदवार वा प्रतिनिधि आउन चाहेमा आउन दिनुपर्नेछ ।

## परिच्छेद ७

## मतदान

२३. मतदानको समय

मतदान गर्ने समय निर्वाचन अधिकृतले सूचना जारी गरी तोके बमोजिम हुनेछ ।

२४. मतदान गर्ने

यस कार्यविधिको दफा ५ मा व्यवस्था भए बमोजिम कम्पनीको सेवामा बहाल रहेको स्थायी कर्मचारीले मात्र मतदान गर्न पाउनेछ ।

२५ मतदान गर्ने तरीका

(क) एकजना कर्मचारीले एकपटक मात्र मतदान गर्ने अधिकार हुनेछ.

(ख) एक कर्मचारी एक मतको आधारमा मतको अंकभार कायम हुनेछ ।

(ग) मतदाताको नामावली रुजु गरी मतदातालाई दिएको मतपत्रको भरपाई राख्नुपर्नेछ.

(घ) एक पटकमा एकजना मतदातालाई मात्र मतदान गर्ने गोप्य कोठामा प्रवेश गर्न दिइने छ.

(ङ) मतदान समय भित्र मतदान केन्द्रमा प्रवेश गरिसकेका मतदाताहरुलाई जतिसुकै समय लागे पनि मतदान गर्न दिइनेछ.

(च) कुनै व्यक्तिले नाम ढाटी मतदान गर्न आएमा उम्मेदवार वा निजको वारिसले एक हजार रुपैयाँ (फिर्ता हुने गरी) धरौटी राखी निर्वाचन अधिकृत समक्ष विरोध गर्न पाउनेछ । तर, विरोध झुठा सावित भएमा धरौटी फिर्ता हुने छैन,

(छ) यस्तो विरोध परेमा निर्वाचन अधिकृतले गर्ने निर्णय अन्तिम हुनेछ ।

२६. प्रवेश निषेध

(क) मतदान केन्द्रमा उम्मेदवार, वारेस, निर्वाचनमा खटिने कर्मचारी, सुरक्षाकर्मी, निर्वाचन अधिकृतबाट अनुमति प्राप्त व्यक्ति र मतदाता बाहेक अन्य व्यक्तिलाई प्रवेश गर्न दिइने छैन,

(ख) मतदानको लागि तोकिएको समय समाप्त भएपछि केन्द्रमा मतदातालाई प्रवेश निषेध गरिने छ.

(ग) शारीरिक रुपले असमर्थ मतदाताले मतदान कार्यको लागि सहयोग मागेमा निर्वाचन अधिकृतले आवश्यक सहयोग उपलब्ध गराउन सक्नेछ ।

२७. मतदान स्थगित गर्न सकिने

(क) निर्वाचन कार्य प्रारम्भ हुनु अगावै कुनै उम्मेदवारको मृत्यु भएको कुरा निर्वाचन अधिकृतको जानकारीमा आएमा निर्वाचन अधिकृतले निर्वाचन स्थगित गर्न सक्नेछ ।

(ख) हिंसात्मक हुलदंगा वा उपद्रव वा प्राकृतिक विपत्ति जस्ता काबु बाहिरको परिस्थिति पर्न गई मतदान स्थगित गराउन वान्छनीय ठानेमा सोको लागि समितिको अध्यक्षसंग अनुमति लिई निर्वाचन अधिकृतले मतदान कार्य स्थगित गराउन सक्नेछ र सोको सूचना यथासिघ्र कम्पनी सचिव मार्फत समितिलाई दिनु पर्नेछ ।

(ग) खण्ड (क) र (ख) बमोजिम मतदान स्थगित गरिएकोमा समितिको परामर्श लिई निर्वाचन अधिकृतले पुन मतदानको लागि मिति र समय तोक्नेछ ।

२८. मतदान रद्द गर्न सकिने

(क) देहाय बमोजिमको कुनै अवस्था श्रृजना भई मतदान सहज रुपमा सम्पन्न हुन नसक्ने कुरामा विश्वस्त भएमा निर्वाचन अधिकृतले मतदान रद्ध गरी कम्पनी सचिव मार्फत सो को सूचना समितिलाई तुरुन्त दिनुपर्नेछ :-

१. कसैले बल प्रयोग गरी वा डर त्रास देखाई वा धम्की दिई मतदान केन्द्र वा मतदान गर्ने निश्चित गरिएको स्थान आफ्नो कब्जामा लिई मतदानको कार्यमा प्रभाव परेमा वा कुनै उम्मेदवारको समर्थक मतदाताहरुलाई मतदान गर्न नदिएमा,

२. कसैले बल प्रयोग गरी वा नगरी मतदातालाई कुनै उम्मेदवारको पक्षमा मतदान गर्न वा नगर्न डर त्रास वा धम्की दिएमा वा मतदान गर्नको लागि मतदान केन्द्र वा मतदान गर्ने स्थानमा जान वा प्रबेश गर्न नदिएमा,

३. कसैले बल प्रयोग गरी वा नगरी मतदान कार्य संचालन गर्न खटिएका कर्मचारीहरुलाई आफ्नो कर्तव्य पालना गर्न नदिएमा वा निजको जिम्मामा रहेको मतपत्र, मतपेटिका वा मतदान सम्बन्धी सामाग्री कब्जामा लिई अन्य कुनै त्यस्तै कार्य गरी मतदानको कार्य निष्पक्ष तथा स्वतन्त्र रुपमा सामान्य ढंगले संचालन नहुने या हुन नसक्ने गरी प्रभावित गरेमा,

४. मतदान केन्द्रमा मतदानको लागि प्रयोग भएको मतपेटिका दुर्घटनावश नोक्सान भएमा वा जानाजान तोडफोड गरी नोक्सान गरिएमा ।

(ख) खण्ड (क) बमोजिमको अवस्थामा कम्पनी सचिव मार्फत समितिको परामर्श लिई निर्वाचन अधिकृतले पुन मतदानको लागि मिति र समय तोकनेछ ।

२९ <u>निर्वाचन अधिकृतले निरीक्षण गर्ने</u>

कुनै मतदाता वा मतदान गर्ने कुनै व्यक्ति मत संकेत गर्ने गोप्य स्थानमा मनासिव समय भन्दा बढी समय बसेमा वा निर्वाचन अधिकृतलाई कुनै शंका लागेमा मत संकेत गर्ने गोप्य स्थानमा प्रवेश गरी निरीक्षण गर्न सक्नेछ ।

३०. <u>अशक्त मतदाता</u>

कुनै मतदाताले शारिरीक अशक्तता वा अरु कुनै कारणवश आफै मतदान गर्न नसक्ने भई आफ्नो पत्यारको कुनै व्यक्तिलाई साथ लैजान अनुमति माग गरेमा निर्वाचन अधिकृत वा सहायक निर्वाचन अधिकृत वा मतदान अधिकृतले सो व्यहोरा उपयुक्त ठानेमा त्यस्तो व्यक्तिलाई मतदाताको साथमा मत संकेत गर्ने गोप्य स्थानमा प्रवेश गर्न दिनेछ ।

३१. <u>मतदान सकिएपछि सिलबन्दी गर्ने</u>

मतदान कार्य सकिएपछि निर्वाचन अधिकृत वा सहायक निर्वाचन अधिकृत वा मतदान अधिकृतले उपस्थित उम्मेदवार वा निजको प्रतिनिधिको सामुन्ने मत पेटिकाको मतपत्र छिराउने प्वाल बन्द गरी लाहाछाप वा सिलछाप लगाई अनुसूची-१२ को ढांचामा मुचुल्का तयार गरी मतपेटिका बन्द गरी मत गणना गर्ने स्थानमा लगिनेछ । तर मतदान गरिएको स्थान र मतगणना गरिने स्थान नजिकै भएमा उम्मेदवार वा निजको प्रतिनिधिको रोहवरमा मत गणनास्थलमा लगी यस्तो लाहा छाप नलगाई सोझै मतगणना कार्य शुरु गर्न पनि सकिनेछ ।

## परिच्छेद ८

## मतगणना

३२. <u>मतगणना</u>

(क) मतदानको समय समाप्त भएपछि तोकिएको मतगणना केन्द्रमा सबै मतपेटिका संकलन गरी निर्वाचन अधिकृतले उम्मेदवार वा निजको प्रतिनिधिको रोहवरमा मतपेटिकाहरुमा लागेको सिल खोली अनुसूची १३ को ढांचामा मुचुल्का तयार गरी मतगणना कार्य प्रारम्भ गर्नेछ ।

(ख) मतगणना हुने कोठामा निर्वाचन अधिकृत, निजले तोकेको व्यक्ति तथा कर्मचारी, उम्मेदवार वा निजको वारेस वाहेक अन्यलाई प्रवेश गर्न दिईने छैन ।

(ग) मतगणना सम्बन्धी कार्यमा उठाइएको मुचुल्काहरुमा उम्मेदवार वा वारेसको दस्तखत हुन नसकेमा कारण खुलाई निर्वाचन अधिकृतको मात्र दस्तखत भए पुग्ने छ ।

(घ) मतपेटिका खोली मतपत्र खन्याई रित्तो मतपेटिका उम्मेदवार वा वारेसलाई देखाई बन्द गर्नु पर्नेछ ।

(ङ) प्रत्येक उम्मेदवारले पाएको सदर मतको गणना अनुसूची - १४ को ढांचामा गर्नुपर्नेछ ।

(च) मतगणना गर्दा निम्न लिखित मतपत्रहरु बदर हुने भएकाले त्यस्ता मतपत्रहरु छुट्टै राख्नुपर्नेछ ।

(१) निर्वाचन अधिकृतको सही र कम्पनीको छाप नभएको,

(२) मत संकेत नबुझिने गरी च्यातिएमा, प्वाल पारेमा वा केरमेट भएमा,

(३) मतदान नगर्ने भनी निर्वाचन अधिकृतलाई फिर्ता दिइएको मतपत्र,

(४) मतपत्र जाली भएमा,

(५) मत संकेत बाहेक अन्य संकेत भएमा,

(६) मतपत्रमा एकभन्दा बढी उम्मेदवारको नाम पछाडीको कोष्ठमा स्वस्तिक छाप लगाएको वा अन्य संकेत गरेको मतपत्र बदर हुनेछ ।

(छ) खण्ड (च) मा उल्लिखित अवस्था बाहेक अन्य अवस्थामा कुनै मत सदर हो वा बदर हो भन्ने बारेमा विवाद भएमा निर्वाचन अधिकृतको निर्णय अन्तिम हुनेछ ।

(ज) मतगणनाको काम लगातार जारी राख्नु पर्नेछ । उक्त काममा बाधा विरोध पु-याउने कुनै पनि व्यक्तिलाई निर्वाचन अधिकृतले मतगणना स्थलबाट बाहिर निकाल्न सक्नेछ । कुनै कारणबस मतदानको काम लगातार जारी राख्न नसकिने भई बिचैमा रोक्नु परेमा निर्वाचन अधिकृतले मतगणना गरी सकेको मतपत्रहरु, मतगणना अभिलेखहरु, मतगणना गर्न बाकी रहेका मतपत्रहरु र मतगणना गर्न बाकी मतपेटिकाहरुको लगन समेत तयार गरी अलग अलग खाममा राखी लाहाछाप समेत लगाई बन्द गर्नु पर्नेछ । उक्त रोकिएको मतगणना कार्य यथासम्भव छिटो पुन प्रारम्भ गर्नु पर्नेछ ।

(झ) उम्मेदवारले मत बराबर पाई निर्वाचित हुन नसक्ने स्थिति आएमा गोलाप्रथाबाट निर्णय गर्नु पर्नेछ । गोलाप्रथाबाट निर्वाचित उम्मेदबार बहुमतद्धारा निर्वाचित भए सरह मानिने छ ।

(ञ) मतगणनाको कार्य सकिएपछि अनुसूची - १५ मा तोकिएको ढाँचामा खसेको मत, बदर मत र प्रत्येक उम्मेदवारले पाएको सदर मत समेत उल्लेख गरी सम्भब भए सम्म उम्मेदवार वा वारेसको दस्तखत गराई विवरण तयार गर्नुपर्नेछ । कुनै उम्मेदबार वा वारेसको दस्तखत हुन नसकेमा निर्वाचन अधिकृतको मात्र दस्तखत भए पुग्नेछ ।

३३. मतगणना पुरा हुनु अघि मतपत्र नोक्सान भएमा

(क) मतगणना सम्पन्न हुनु भन्दा पहिले मतदान केन्द्रमा प्रयोग गरिएको मतपत्र वा मतपत्र रहेको मतपेटिका निर्वाचन अधिकृतको नियन्त्रणबाट कसैले गैर कानुनी तवरले अन्यत्र लगेमा वा खोसिएमा वा दुर्घटनावश नोक्सान भएमा वा जानाजान तोडफोड गरी नोक्सान गरिएमा वा

हराएमा निर्वाचन अधिकृतले सम्बन्धित मतदान केन्द्रको मतदान रद्ध भएको घोषणा गर्नेछ र सो को सूचना कम्पनी सचिव मार्फत समितिलाई दिनेछ ।

(ख) खण्ड (क) बमोजिम मतदान रद्ध भएको अवस्थामा निर्वाचन अधिकृतले सम्बन्धित मतदान केन्द्रको पुन: मतदानको लागि मिति र समय तोक्नेछ ।

३४. मतगणना स्थलको अनाधिकृत कब्जा

(क) देहायका अवस्थामा मतगणनास्थलको अनाधिकृत कब्जा भएको मानिनेछ :-

(१) मतगणनाको कार्यमा संलग्न रहेका अधिकारी वा कर्मचारीहरुबाट कसैले मतपत्र वा त्यस्तो मतपत्र रहेको मतपेटिका आफ्नो कब्जामा लिएमा वा यस्तै अन्य कार्य गरी मतगणनाको कार्यमा दखल दिएमा वा प्रभावित पारेमा,

(२) मतगणनाको कार्यमा संलग्न रहेको कुनै व्यक्तिले उपखण्ड (१) बमोजिमको कार्य गरेमा वा सो कार्य गर्न सहयोग पुर्‍याएमा वा अनुमति दिएमा ।

(ख) खण्ड (क) बमोजिम मतगणना स्थलको अनाधिकृत कब्जा भएमा निर्वाचन अधिकृतले सो घटनाको सम्बन्धमा कुनै जांचबुझ गर्नु पर्ने आवश्यकता देखेमा जाचबुझ समेत गरी सम्पुर्ण मतदान रद्द भएको घोषणा गर्न सक्नेछ ।

(ग) खण्ड (ख) बमोजिम मत गणना स्थगित गरिएको वा मतदान रद्द गरिएको अवस्थामा समितिको परामर्श लिई निर्वाचन अधिकृतले पुन मतगणना वा मतदानको लागि मिति र समय तोक्नेछ ।

(घ) कुनै पनि व्यक्ति, उम्मेदवार, प्रतिनिधि वा अन्य व्यक्तिहरु मतगणनास्थलमा प्रवेश गरी मतगणना कार्य बिथोल्न उत्प्रेरित भई आएतापनि मतगणना स्थलमा रहेका मतपत्रहरु सुरक्षित रहेमा त्यस्तो कार्य गर्ने व्यक्तिलाई सो ठाउंबाट हटाई पून मतगणना जारी राख्न सकिनेछ । सो अवस्थामा मतदान रद्द गर्नुपर्ने छैन ।

३५ पुन: मतगणना

(क) मतगणना कार्य जारी रहेको अवस्थामा वा समाप्त भएपछि मतपेटिकामा सिलबन्दी गर्नु अघि कुनै उम्मेदवार वा निजको प्रतिनिधिले केही वा सबै मतपत्र दोहो-याई गणना गराई पांउ भनी तत्काल निर्वाचन अधिकृत समक्ष कारण सहित लिखित निवेदन दिन सक्नेछ ।

(ख) खण्ड (क) बमोजिम निवेदन पर्न आएमा निर्वाचन अधिकृतले सो निवेदन तत्काल दर्ता गरी दोहो-याई मतगणना गर्नुपर्ने देखिएमा दोहो-याई मतगणना गर्न सक्नेछ ।

(ग) खण्ड (ख) बमोजिम निर्वाचन अधिकृतले दोहो-याई मतगणना गर्नु पर्ने भएमा सोको व्यहोराको निर्णय गरी सो स्थानमा उपस्थित रहेका उम्मेदवार वा निजको प्रतिनिधिलाई निर्वाचन परिणामको घोषणा गर्नु भन्दा पहिले सो निर्णयको सूचना दिनु पर्नेछ ।

(घ) खण्ड (क) बमोजिम दोहो-याई मतगणना गर्न माग गर्ने कुनै उम्मेदवार वा निजको प्रतिनिधिले निवेदन साथ पांच हजार रुपैयाँ (फिर्ता हुने गरी) धरौटी राख्नु पर्नेछ ।

३६. निर्वाचन परिणामको घोषणा

दफा १७ बमोजिम निर्विरोध घोषणाको अवस्था बाहेक देहाय अनुसार निर्वाचन परिणाम घोषणा गरिनेछ ।

(क) मतगणनाको कार्य पुरा भै सकेपछि निर्वाचन अधिकृतले मतगणना तालिका अनुसूची - १६ बमोजिम तयार गरी निर्वाचनको परिणाम घोषणा गर्नेछ ।

(ख) खण्ड (क) बमोजिम निर्वाचनको परिणाम घोषणा गर्दा सबै भन्दा बढी मत पाउने उम्मेदवार निर्वाचित भएको घोषणा गर्नु पर्नेछ ।

(ग) निर्वाचनमा विजयी उमेदवारलाई अनसूची - १७ को ढाँचामा प्रमाणपत्र दिईनेछ ।

(घ) निर्वाचनको परिणाम प्रकाशित गरिसकेपछि निर्वाचन अधिकृतले निर्वाचन सम्बन्धी अन्य बिवरणहरु समेत भएको आफ्नों प्रतिवेदन तयार गरी कम्पनी सचिब मार्फत समितिमा यथासिघ्र पठाउनु पर्नेछ ।

३७. निर्वाचित मिति

निर्वाचन अधिकृतले यस कार्यविधिको दफा ३६ बमोजिम निर्वाचनको परिणाम घोषणा गरेको मितिलाई सम्बन्धित उम्मेदवार निर्वाचित भएको मिति मानिनेछ ।

## परिच्छेद ९

## विविध

३८. निर्वाचन सम्बन्धी कागजात

निर्वाचनमा प्रयोग भएको कागजात मध्ये मतगणनाको प्रयोजनको लागि आवश्यकता अनुसार खोली हेरी मतगणनाको काम समाप्त भएपछि सिलबन्दी गरी कम्पनी सचिवको जिम्मामा राखिनेछ । यसरी सिलबन्दी गरी राखिएको निर्वाचन सम्वन्धी कागजात निर्वाचन सम्बन्धमा उजूरी परे सो को अन्तिम किनारा नलागेसम्म र उजूर नपरेमा निर्वाचन समाप्त भएको मितिले ६ महिना सम्म सुरक्षित राख्नु पर्नेछ ।

३९. गोपनियता कायम राख्नु पर्ने

कानुन बमोजिम अधिकार पाएकोमा बाहेक सम्बन्धित काम गर्न खटिएको कुनै पनि कर्मचारी वा उम्मेदवार वा निर्वाचन प्रतिनिधि वा अन्य कुनै व्यक्तिले मतपत्रमा मतदाताले उल्लेख गरेको मतसंकेत वा तत्सम्बन्धी आफुलाई जानकारी रहेको वा हुन आएको अन्य कुनै कुरा कसैलाई भन्न, लेख्न वा कुनै किसिमले प्रकाशन समेत गर्नु हुदैन ।

४०. आदेश जारी गर्ने र निर्देशन दिने

(क) यस कार्यविधिमा लेखिएको कुराका अतिरिक्त निर्वाचनको सम्बन्धमा निर्वाचन अधिकृतले आवश्यक आदेश, निर्देशन र आचारसंहिता जारी गर्न सक्नेछ र सो को सूचना निर्वाचन अधिकृतको कार्यालयमा प्रकाशित गर्नुपर्नेछ ।

(ख) निर्वाचन अधिकृतले निर्वाचन सञ्चालनको लागि निर्वाचनको काममा खटिएका कर्मचारीहरुलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

(ग) खण्ड (क) र (ख) बमोजिमको आदेश र निर्देशन पालना गर्नु उम्मेदवार, निजको प्रतिनिधि तथा निर्वाचन सम्बन्धी काममा खटिएका कर्मचारीहरु सबैको कर्तव्य हुनेछ ।

४१. मद्दत लिन सक्ने

निर्वाचन अधिकृतले निर्वाचनको काममा शान्ति सुरक्षा कायम राख्ने प्रयोजनको निमित्त सुरक्षा निकाय वा अन्य कर्मचारीहरुको मद्दत लिन सक्नेछ र यसको लागि कम्पनीले आवश्यक व्यबस्था मिलाई दिनेछ ।

४२. अधिकार प्रत्यायोजन

यस कार्यविधि बमोजिम निर्वाचन अधिकृतले आफैले गर्नुपर्ने भनि तोकिएको काम बाहेक आफुलाई प्राप्त अख्तियारी सहायक निर्वाचन अधिकृत, मतदान अधिकृत लगायत निर्वाचन कार्यमा खटिने कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ । तर, निर्वाचन अधिकृतले अख्तियारी प्रत्यायोजन गरेको कारणबाट निर्वाचन अधिकृत आफैले यस कार्यविधि बमोजिमको काम कारवाही गर्न कुनै बाधा पर्ने छैन ।

४३. कार्यविधिको व्याख्या गर्ने अधिकार

यस कार्यविधिको व्याख्या गर्ने अन्तिम अधिकार समितिलाई हुनेछ ।

४४. कार्यविधिको संशोधन

यस कार्यविधिमा संशोधन वा थपघट गर्ने अधिकार समितिलाई हुनेछ ।

४५ सम्पर्क

निर्वाचन अधिकृतले समितिसँग सम्पर्क राख्दा कम्पनी सचिव मार्फत राख्नु पर्नेछ ।

४६. अन्य कुराहरु

(क) यस कार्यविधि अनुरुप निर्वाचनको क्रममा प्राप्त हुने दस्तुर, फिर्ता नभएको धरौटी लगायतका रकम कम्पनीको हुनेछ । यस कार्यविधिको दफा ४७ बमोजिम बरबुझारथ गर्दा त्यस्तो रकम समेत बुझाउनु पर्नेछ ।

(ख) यस कार्यविधि बमोजिम निर्वाचित सञ्चालकको पदावधि निर्वाचित भएको प्रमाणपत्र प्राप्त भएको मिति देखि गणना हुनेछ ।

(ग) यस कार्यविधिमा उल्लेख नभएका कुराहरुको हकमा निर्वाचन अधिकृतले तोके बमोजिम हुनेछ ।

४७. बरबुझारथ

निर्वाचन अधिकृतले निर्वाचनको कार्य सम्पन्न भएपछि निर्वाचनसंग सम्बन्धी सम्पूर्ण कागजात, सामान तथा अन्य विवरणहरु ७ दिन भित्र अनुसूची १८ को ढांचामा कम्पनी सचिवलाई बुझाउनु पर्नेछ ।

४८. असल नियतले गरेको कार्यको बचाउ

निर्वाचन सम्बन्धमा कुनै पनि समिति, उपसमिति, पदाधिकारी र कर्मचारीले असल नियतले गरेको कार्यबाट निजहरुलाई बचाउ गरिनेछ ।

४९. विभागीय कारबाही हुने

निर्वाचनको क्रममा कुनै पनि कर्मचारीले हुलहुज्जत गर्ने, मतपत्र च्यात्ने, मतदान विथोल्ने जस्ता कार्य गरेमा निजलाई विनियमावली बमोजिम विभागीय कारबाही हुनेछ ।

५०. प्रचलित कानून बमोजिम हुने

यस कार्यविधिमा उल्लेख भएकोमा यसै बमोजिम र अन्य कुरा प्रचलित कानून बमोजिम हुनेछ ।

## अनुसूची–१
(दफा ४ सँग सम्बन्धित)

## नेपाल दूरसञ्चार कम्पनी लिमिटेड
## निर्वाचन अधिकृतको कार्यालय
## निर्वाचन कार्यक्रमको सूचना

नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको कर्मचारीहरुको तर्फबाट सञ्चालक पदको निर्वाचनको प्रयोजनको लागि देहाय बमोजिमको निर्वाचन कार्यक्रमको सूचना प्रकाशित गरिएको छ।

| क्र.सं | कार्यक्रम | मिति | | समय | | स्थान | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | देखि | सम्म | देखि | सम्म | | |
| १. | मतदाता नामावली प्रकाशन गर्ने | | | | | | |
| २. | मतदाता नामावलीमा दावी विरोध गर्ने | | | | | | |
| ३. | मतदाता नामावलीमा छानविन गरी अन्तिम मतदाता नामावली प्रकाशन गर्ने | | | | | | |
| ४. | उम्मेदवारको मनोनयन पत्र दर्ता गर्ने | | | | | | |
| ५. | मनोनयन पत्र दर्ता भएका उम्मेदवारहरुको सूची प्रकाशित गर्ने | | | | | | |
| ६. | उम्मेदवारको विरोधमा उजूरी दिने | | | | | | |
| ७. | मनोनयन पत्रको जाँच र उजूरी उपर निर्णय गरी उम्मेदवारको नामावली प्रकाशित गर्ने | | | | | | |
| ८. | उम्मेदवारले आफ्नो नाम फिर्ता लिने | | | | | | |
| ९. | उम्मेदवारको अन्तिम नामावली प्रकाशित गर्ने | | | | | | |
| १०. | मतदान गर्ने | | | | | | |
| ११. | मतगणना गर्ने | | | | | | |
| १२. | परिणाम घोषणा गर्ने | | | | | | |

.....................................

निर्वाचन अधिकृतको सही

मिति :

## अनुसूची - २

(दफा ६ सँग सम्वन्धित)

# नेपाल दूरसञ्चार कम्पनी लिमिटेड

## निर्वाचन अधिकृतको कार्यालय

## मतदाता नामावली

| क्र.सं. | नाम, थर | कर्मचारी दर्ता नं. | तह | पद | कार्यरत कार्यालय |
|---|---|---|---|---|---|
| १. | | | | | |
| २. | | | | | |
| ३. | | | | | |
| ४. | | | | | |
| ५. | | | | | |
| ६. | | | | | |
| ७. | | | | | |
| ८. | | | | | |
| ९. | | | | | |
| १०. | | | | | |

सही.........................

निर्वाचन अधिकृत

मिति:

## अनुसूची - ३

(दफा १० संग सम्बन्धित)

## नेपाल दूरसञ्चार कम्पनी लिमिटेड

## उम्मेदवारको मनोनयन पत्र

(उम्मेदवारले भर्ने)

श्री निर्वाचन अधिकृत ज्यू,
नेपाल दूरसञ्चार कम्पनी लिमिटेड ।

मलाई क.द.नं. ..... का श्री .................................................. ले प्रस्ताव गरी क.द.नं. ..... का श्री .......................................... ले समर्थन गरी उम्मेदवार मनोनयन गरे बमोजिम नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको सञ्चालक समितिमा कर्मचारीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने सञ्चालक पदको निर्वाचनको लागि उम्मेदवार हुन मञ्जूर छ । साथै यस कार्यविधि बमोजिम सञ्चालक पदमा उम्मेदवार हुन म योग्य छु कथमकदाचित सो बमोजिमको योग्यता नपुगेको देखिएमा यसैलाई आधार मानी मेरो उम्मेदवारी बदर भएमा मलाई मञ्जूर छ ।

मिति ..............................

उम्मेदवार

प्रस्तावकले भर्ने

महोदय,

नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको सञ्चालक समितिमा कर्मचारीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने सञ्चालक पदको निर्वाचनको लागि क.द.नं. ..... का श्री..........................................लाई म प्रस्ताव गरी उम्मेदवार मनोनयन गर्दछु । निजको विवरण देहाय बमोजिम छ ।

१. नाम थर .................................................. उमेर.................... लिंग...................
ठेगाना..........................................................................................

२. पिता/पतिको नाम थर.......................................... ३. मतदाता नामावलीमा क्र. सं. ....................

मतदाता नामावलीमा मेरो नाम समावेश भएको छ र तत्सम्बन्धी विवरण निम्न बमोजिम छ ।

१. नाम थर.................................................. २. ठेगाना..........................................

३. मतदाता नामावलीमा क्र. सं. ..............................
मिति : ..............................

प्रस्तावक

(समर्थकले भर्ने)

प्रस्तावक क.द.नं. ..... का श्री ........................................................ ले माथि उल्लेख गरे बमोजिम नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको सञ्चालक समितिमा कर्मचारीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने सञ्चालक पदको निर्वाचनको लागि क.द.नं. ..... का श्री........................................................ लाई उम्मेदवार मनोनयन गर्नु भएको प्रस्तावको म समर्थन गर्दछु ।

१. समर्थकको नाम थर ........................................................................................ २. क.द.नं. .....

३. ठेगाना ........................................................................................ ४. मतदाता नामावलीमा क्र. सं......................

मिति :

..........................................

समर्थक

(निर्वाचन अधिकृतले भर्ने)

यो मनोनयपत्र मिति............................ को दिनको............. बजे उम्मेदवार/उम्मेदवारको वारेस श्री.................................................. ले म समक्ष दाखिला गरेको हो ।

मिति

..............................

निर्वाचन अधिकृत

अनुसूची - ४

(दफा १२ सँग सम्बन्धित)

## नेपाल दूरसञ्चार कम्पनी लिमिटेड

## निर्वाचन अधिकृतको कार्यालय

## उम्मेदवारको प्रथम नामावली

| क्र.सं. | कर्मचारी दर्ता नम्बर | उम्मेदवारको विवरण | | | | ठेगाना | पद र कार्यरत कार्यालय |
|---|---|---|---|---|---|---|---|
| | | नाम, थर | पिता/ पतिको नाम,थर | उमेर | लिंग | | |
| | | | | | | | |

मिति :

समय :

सही :

निर्वाचन अधिकृत

अनुसूची - ५

(दफा १३ सँग सम्बन्धित)

## नेपाल दूरसञ्चार कम्पनी लिमिटेड

## निर्वाचन अधिकृतको कार्यालय

### उम्मेदवारीको नाम फिर्ता लिने निवेदन

श्री निर्वाचन अधिकृत ज्यू,
नेपाल दूरसञ्चार कम्पनी लिमिटेड ।

महोदय,

नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको कर्मचारीहरुको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने सञ्चालक पदको निर्वाचनमा उम्मेदवार हुन मैले मनोनयन पत्र दाखिल गरेकोमा. सो निर्वाचनमा उम्मेदवार हुन हाल मेरो इच्छा नभएकोले आफ्नो राजीखुशीले उम्मेदवारी फिर्ता लिन यो निवेदन पेश गरेको छु ।

मिति :

सही :

नाम :

ठेगाना :

(निर्वाचन अधिकृतले भर्ने)

यो सूचना मिति २०७४। का दिनको बजे म समक्ष दाखिला भएको हो ।

सही :

निर्वाचन अधिकृत

### निर्णय

माथि उल्लेख गरे बमोजिमको सूचनाको व्यहोरामा सत्यता भएको/ नभएकोले श्री .................................. को नाम उम्मेदवारीबाट हटाउने/ नहटाउने निर्णय गरेको छु ।

मिति :

सही :

समय :

निर्वाचन अधिकृत

## अनुसूची - ६

(दफा १४ सँग सम्बन्धित)

## नेपाल दूरसञ्चार कम्पनी लिमिटेड

## निर्वाचन अधिकृतको कार्यालय

## उम्मेदवारको अयोग्यता सम्बन्धी उजूरी र निर्णय

श्री निर्वाचन अधिकृतज्यू,
नेपाल दूरसञ्चार कम्पनी लिमिटेड ।

महोदय,

नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको कर्मचारीहरुको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने सञ्चालक पदको निर्वाचनमा उम्मेदवार हुनको लागि दर्ता नं............... मा मनोनयन पत्र दर्ता भएका श्री.......................................... निम्न लिखित कारणले उम्मेदवार हुन अयोग्य भएकोले निजको उम्मेदवारी खारेज गरी पाउन अनुरोध गर्दछु ।

उजूरीको कारण

....................................................................................................................................................

....................................................................................................................................................

.................................................................................................................................... ।

मिति :

समय :

सही :

नाम :

ठेगाना :

उजुर गर्ने उम्मेदवार/ वारेस

(निर्वाचन अधिकृतले भर्ने)

यो उजूरी मिति.......................... को दिन ........... बजे मनोनित उम्मेदवार/ मनोनित उम्मेदवारको वारेस/ कर्मचारी श्री.......................................... ले म समक्ष दाखिला गरेको हो ।

सही :

निर्वाचन अधिकृत

निर्णय

मैले नियमानुसार यो उजूरी उपर जाँच गरी निम्न बमोजिम निर्णय गरेको छु ।

निर्णयको संक्षिप्त व्यहोरा

मिति :

समय :

सही :

निर्वाचन अधिकृत :

अनुसूची - ७

(दफा १६ सँग सम्बन्धित)

## नेपाल दूरसञ्चार कम्पनी लिमिटेड

## निर्वाचन अधिकृतको कार्यालय

## उम्मेदवारको अन्तिम नामावली

नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको कर्मचारीहरुको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने सञ्चालक पदमा उम्मेदवार भएकाहरु मध्ये देहायका व्यक्तिहरुको उम्मेदवारी रहने गरी अन्तिम नामावली प्रकाशित गरिएको छ ।

| क्र.सं. | कर्मचारी दर्ता नम्बर | उम्मेदवारको विवरण | | | | ठेगाना | पद र कार्यरत कार्यालय |
|---|---|---|---|---|---|---|---|
| | | नाम, थर | पिता/ पतिको नाम,थर | उमेर | लिंग | | |
| | | | | | | | |

मिति :

समय :

सही :

निर्वाचन अधिकृत

## अनुसूची - ८

(दफा १७ सँग सम्बन्धित)

## नेपाल दूरसञ्चार कम्पनी लिमिटेड

## निर्वाचन अधिकृतको कार्यालय

## निर्विरोध निर्वाचित परिणामको घोषणा

नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको कर्मचारीहरुको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने देहायका उम्मेदवार सञ्चालकको पदमा निर्विरोध निर्वाचित हुनु भएको घोषण गरी यो सूचना प्रकाशन गरिएको छ ।

| क्र.सं. | उम्मेदवारको नाम, थर | ठेगाना | कर्मचारी नं. | कैफियत |
|---|---|---|---|---|
| | | | | |

मिति :

स्थान :

सही :

निर्वाचन अधिकृत :

## अनुसूची - ९

(दफा १८ सँग सम्बन्धित)

## नेपाल दूरसञ्चार कम्पनी लिमिटेड

## निर्वाचन अधिकृतको कार्यालय

श्री निर्वाचन अधिकृतज्यू,

नेपाल दूरसञ्चार कम्पनी लि.

भद्रकाली , काठमाण्डौ ।

विषय : वारेस (प्रतिनिधि) राख्ने बारे

महोदय,

नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको कर्मचारीहरुको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व हुने सञ्चालक पद संख्या १ (एक) को निर्वाचनको लागि उम्मेदवारी दर्ता गर्न, उम्मेदवारी फिर्ता लिन, मतदान केन्द्र प्रतिनिधि र मतगणना प्रतिनिधिको रुपमा मतदाता क.द.नं. .... का श्री........................................ लाई वारेस (प्रतिनिधि) मुकरर गरेको छु । निजले गरेको काममा मेरो पूर्ण मञ्जुरी छ ।

मिति :

सही :

नाम, थर :

ठेगाना :

उपरोक्त बमोजिम प्रतिनिधि (वारेस) बस्न मेरो मन्जुरी छ ।

मिति : सही :

नाम : ठेगाना :

उपरोक्त बमोजिमको वारेसनामा म समक्ष दाखिला भएको हो ।

मिति : समय :

..............................

निर्वाचन अधिकृत :

अनुसूची - १०

(दफा २१ सँग सम्बन्धित)

नेपाल दूरसञ्चार कम्पनी लिमिटेड

निर्वाचन अधिकृतको कार्यालय

मतपत्र

| नेपाल दूरसञ्चार कम्पनी लिमिटेड<br>कर्मचारी प्रतिनिधि सञ्चालक<br>निर्वाचन मतपत्र | | |
|---|---|---|
| मतपत्र नं. ........... | मतदाताको दस्तखत ..................... | मतदान अधिकृतको दस्तखत ..................... |

.................................................................................................................................................

नेपाल दूरसञ्चार कम्पनी लिमिटेड
कर्मचारी प्रतिनिधि सञ्चालक
निर्वाचन मतपत्र

| क्र.सं. | उम्मेदवारको नाम | मत संकेत (स्वस्तिक छाप 卐) |
|---|---|---|
| १ | | |
| २ | | |
| ३ | | |
| ४ | | |
| ५ | | |

मतदान अधिकृतको दस्तखत ..........................

.................................
कम्पनीको छाप

.................................
निर्वाचन अधिकृत

नोट : मतपत्रमा एकभन्दा बढी उम्मेदवारको नाम पछाडीको कोष्ठमा स्वस्तिक छाप लगाएको वा अन्य संकेत गरेको मतपत्र बदर हुनेछ ।

## अनुसूची - ११

(दफा २२ सँग सम्बन्धित)

## नेपाल दूरसञ्चार कम्पनी लिमिटेड

## निर्वाचन अधिकृतको कार्यालय

### मतदान शुरु हुनु अघि मत पेटिका बन्द गरी मतदान शुरु गरेको मुचुल्का

नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको सञ्चालक पदको निर्वाचनमा मतदानको लागि............वटा मतपेटिकाहरु हामी तपसिलका व्यक्तिहरुको रोहवरमा मतपत्र खसाल्ने ठाउं मात्र खुल्ला राखी रीतपूर्वक बिर्को बन्द गरी ............ चिन्ह भएको लाहाछाप लगाई मतदान कार्य प्रारम्भ भएको व्यहोरा ठीक साँचो हो।

तपसील

१. श्री .............................................. वा निजको प्रतिनिधि श्री ..............................................

२. श्री .............................................. वा निजको प्रतिनिधि श्री ..............................................

३. श्री .............................................. वा निजको प्रतिनिधि श्री ..............................................

४. श्री .............................................. वा निजको प्रतिनिधि श्री ..............................................

५. श्री .............................................. वा निजको प्रतिनिधि श्री ..............................................

मिति :

समय :

..............................

निर्वाचन अधिकृत

द्रष्टव्य

निर्वाचन अधिकृतले तत्कालै मुचुल्का गर्नु पर्दा सादा कागजमा गराउन सक्नेछ।

## अनुसूची - १२

(दफा ३१ सँग सम्बन्धित)

## नेपाल दूरसञ्चार कम्पनी लिमिटेड

## निर्वाचन अधिकृतको कार्यालय

### मतदान सम्पन्न भई मतपेटिका बन्द गरेको मुचुल्का

नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको सञ्चालक पदको निर्वाचनमा आज मिति.............................का दिन........... बजे मतदान गर्ने कार्य समाप्त भएकोले यसमा प्रयोग गरिएको ........ वटा मतपेटिकाहरु हामी तपसिलका मानिसहरुको रोहवरमा रीतपूर्वक सिलबन्दी गरी ............. चिन्ह भएको लाहाछाप लागेको ठीक साँचो हो ।

तपसील

१. श्री ........................................ वा निजको प्रतिनिधि श्री ........................................

२. श्री ........................................ वा निजको प्रतिनिधि श्री ........................................

३. श्री ........................................ वा निजको प्रतिनिधि श्री ........................................

४. श्री ........................................ वा निजको प्रतिनिधि श्री ........................................

५. श्री ........................................ वा निजको प्रतिनिधि श्री ........................................

मिति :

समय :

........................................

निर्वाचन अधिकृत

## अनुसूची - १३

(दफा ३२(क) सँग सम्बन्धित)

नेपाल दूरसञ्चार कम्पनी लिमिटेड

निर्वाचन अधिकृतको कार्यालय

<u>मतगणना शुरु भएको मुचुल्का</u>

नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको कर्मचारीहरुको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने सञ्चालक पदको निर्वाचनमा प्रयोग भएका मतपेटिकाहरु प्राप्त भैसकेकाले आज मिति.............................. को दिन.............. बजे देखि हामी तपसिलका मानिसहरुको रोहवरमा मतगणना कार्य प्रारम्भ भएको ठीक साँचो हो ।

<u>तपसिल</u>

१. उम्मेदवार वा उम्मेदवारको प्रतिनिधि श्री

२. उम्मेदवार वा उम्मेदवारको प्रतिनिधि श्री

३. उम्मेदवार वा उम्मेदवारको प्रतिनिधि श्री

४. उम्मेदवार वा उम्मेदवारको प्रतिनिधि श्री

मिति :

समय :

स्थान :

सही :

निर्वाचन अधिकृत

## अनुसूची - १४

(दफा ३२(ङ) सँग सम्बन्धित)

## नेपाल दूरसञ्चार कम्पनी लिमिटेड

## निर्वाचन अधिकृतको कार्यालय

## सञ्चालक निर्वाचनको मतगणना फारम

नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको कर्मचारीहरुको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने सञ्चालक पदको निर्वाचनको लागि भएको मतको गणना देहाय बमोजिम छ ।

कूल मतदाता संख्या :
कूल मतदान संख्या :

कूल सदर मत संख्या :
कूल बदर मत संख्या :

| क्र.सं. | उम्मेदवारको नाम | जम्मा प्राप्त मत | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

मतगणना गर्ने व्यक्ति

सही.............................

१

२

३

## अनुसूची - १५

(दफा ३२(ञ) सँग सम्बन्धित)

## नेपाल दूरसञ्चार कम्पनी लिमिटेड

## निर्वाचन अधिकृतको कार्यालय

## मतगणना समाप्त भएको मुचुल्का

नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको कर्मचारीहरुको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व हुने सञ्चालक पदको निर्वाचनको मतगणना मिति .................. देखि शुरु भई मिति.................. को.......... बजे समाप्त भएको ठीक साँचो हो, सो मतगणना भए अनुसार मतदान भएको जम्मा ......... मत मध्ये.................. मत बदर र ..............मत सदर भएको र सदर मत मध्ये उम्मेदवारहरुले निम्न बमोजिम मत पाएको ठीक साँचो हो ।

| क्र.सं. | उम्मेदवारको नाम, थर | वतन | जम्मा प्राप्त मत | कैफियत |
|---|---|---|---|---|
| | | | | |

तपसिल

१. उम्मेदवार/ प्रतिनिधि श्री

२.

३.

मिति :

समय :

स्थान :

सही :

निर्वाचन अधिकृत :

## अनुसूची - १६

(दफा ३६(क) सँग सम्बन्धित)

## नेपाल दूरसञ्चार कम्पनी लिमिटेड

## निर्वाचन अधिकृतको कार्यालय

## निर्वाचन परिणामको घोषणा

नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको कर्मचारीहरुको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने सञ्चालक पद १ (एक) को निर्वाचनमा देहायका उम्मेदवारहरुले देहायको मत प्राप्त गर्नु भएकोले यो निर्वाचन परिणाम प्रकाशित गरिएको छ ।

| क्र.सं. | उम्मेदवारको नाम, थर | ठेगाना | जम्मा प्राप्त सदर मत | कैफियत |
|---|---|---|---|---|
| | | | | |

उपरोक्त परिणाम अनुसार श्री.................................................. ले सब भन्दा बढी मत प्राप्त गर्नु भएकोले सञ्चालक पदमा निर्वाचित हुनु भएको घोषणा गर्दछु ।

मिति :

समय :

स्थान :

सही :

निर्वाचन अधिकृत :

<u>अनुसूची - १७</u>

(दफा ३६(ग) सँग सम्बन्धित)

नेपाल दूरसञ्चार कम्पनी लिमिटेड

निर्वाचन अधिकृतको कार्यालय

<u>सञ्चालक निर्वाचित भएको प्रमाणपत्र</u>

नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको नियमावलीको नियम १२ को खण्ड (छ) को समूह ख (कर्मचारी समूह) अन्तर्गत नेपाल दूरसञ्चार कम्पनी लिमिटेडका कर्मचारीहरुको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने सञ्चालक पदको मिति .................................. मा सम्पन्न निर्वाचनमा (क.द.नं. ........) का श्री ....................................................................... कम्पनीको सञ्चालक समितिको सदस्य पदमा निर्विरोध / निर्वाचित हुनु भएकोले यो प्रमाणपत्र प्रदान गरिएको छ । सञ्चालक पदमा विजयी हुनु भएकोमा बधाई ज्ञापनका साथै सफल कार्यकालको सुभकामना व्यक्त गर्दछु ।

मिति : २०७४/ /

सही :

निर्वाचन अधिकृतः

स्थान : निर्वाचन अधिकृतको कार्यालय ।

अनुसूची - १८

(दफा ४७ सँग सम्बन्धित)

नेपाल दूरसञ्चार कम्पनी लिमिटेड

निर्वाचन अधिकृतको कार्यालय

निर्वाचन अधिकृतले गर्ने बरबुझारथ

श्री कम्पनी सचिव,

नेपाल दूरसञ्चार कम्पनी लि.

भद्रकाली प्लाजा काठमाण्डौ ।

विषय : बरबुझारथ गरेको बारे ।

उपरोक्त सम्बन्धमा नेपाल दूरसञ्चार कम्पनी लि. को कर्मचारी प्रतिनिधि सञ्चालकको निर्वाचनमा त्यस कम्पनीको सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने एक जना सञ्चालकको निर्वाचन सम्पन्न गर्नका लागि मलाई निर्वाचन अधिकृत तोके अनुसार मैले त्यस सम्बन्धी सम्पूर्ण कार्य सम्पन्न गरेकोले निर्वाचनको प्रयोजनका लागि तयार भएका तथा सो निर्वाचनमा प्रयोग गरिएका सम्पूर्ण सक्कल लिखत, कागजातहरु, सामानहरु र विवरणहरु आजकै मितिमा बरबुझारथ गरेको छु ।

सहि : ..........................

निर्वाचन अधिकृत

---

माथि उल्लेख भए बमोजिमका

सम्पूर्ण लिखत कागजात मैले

बुझि लिएको ठीक साँचो हो ।

सहि : ..........................

कम्पनी सचिव

मिति :